# ‘प्रेमदासको डायरी’ उपन्यासमा आलोचनात्मक यथार्थवाद

**रमेश प्रभात*, गणेशबहादुर तामाङ**

नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय, भरतपुर, चितवन
*Corresponding Author: rameshprabhat29@gmail.com

Received: July 30, 2021, Accepted: Nov. 30, 2022

**सारसङ्क्षेप**

*यो लेखमा आलोचनात्मक यथार्थवादी कोणबाट उपन्यासकार रेशम विरहीको ‘प्रेमदासको डायरी’ उपन्यासको विश्लेषण गरिएको छ। यहाँ उपन्यासको विश्लेषणका लागि सैद्धान्तिक ढाँचा तयार पारिएको छ। यसका लागि आलोचनात्मक यथार्थवादको पुष्टि गर्ने कुञ्जी पनि तयार पारिएको छ। यसमा उपन्यासको कथावस्तुको सन्दर्भ उठाउँदै साक्ष्य सङ्कलन गरिएको छ। नेपालमा चलेका पञ्चायती व्यवस्था, २०३६ सालको आन्दोलन, २०३७ सालको जनमतसङ्ग्रह, २०४६ सालको जनआन्दोलन, २०५२ देखि २०६२ सम्म भएको माओवादी क्रान्ति र त्यसपछिको गणतन्त्र प्राप्तिले गरिब जनताको पक्षमा खासै परिवर्तन नल्याएको कुरा यो उपन्यासमा गरिएको छ। यो उपन्यासमा आएका तिनै घटनालाई हेर्दै सामन्तवादी सामाजिक व्यवस्थाप्रति आलोचना गर्ने, राजनैतिक व्यवस्थाप्रति आलोचना गर्ने, वर्गव्यवस्थाप्रति आलोचना गर्ने, विभेदयुक्त जातीय व्यवस्थाप्रति आलोचना गर्ने, मानवता विरोधी कार्यप्रति आलोचना गर्ने र नारीमाथि गरिने शोषणप्रति आलोचना गर्ने काम यो लेखभित्र गरिएको छ।*

**शब्दसूची**: *सामन्तवाद, वर्गव्यवस्था, विभेदयुक्त जातीय व्यवस्था, महिलाहिंसा, आलोचनात्मक यथार्थवाद।*

## १. विषयपरिचय

‘प्रेमदासको डायरी’ उपन्यासका स्रष्टा रेशम विरही (वि.सं.२००९) हुन् । वि.सं. २०२८ सालमा ‘उकालो’ साप्ताहिक पत्रिकामा ‘उकालो तिमी किन गीत गाउँदैनौ ?’ कविताबाट सहित्य आरम्भ गरेका विरहीको ‘मुलाको बोक्रा र आलीमुनिको झ्याउँकिरी’ (२०३७), ‘भित्ताको रङ्ग’ (२०५७), ‘मङ्गली गुप्ताको पान’ (२०६१), ‘थालथालमा सपना’ (२०६९), ‘तुरूप’ (२०७४), ‘सातौँ बादशाहको रातो कोट’ (२०७८) जस्ता छवटा कवितासङ्ग्रह र ‘सुन्दरबस्ती’ (२०६८, बालकाव्य), ‘देब्रे आँखा’ (२०७२), ‘सत्ता र स्वप्नदोष’ (२०७७) जस्ता दुईवटा निबन्धसङ्ग्रह र ‘प्रेमदासको डायरी’ (२०७३) उपन्यास कृतिहरू प्रकाशित छन् । यिनले आफ्नो लेखनमा समाजमा विद्यामान कुरीति, विसङ्गति, अन्याय, अत्याचार, भ्रष्टाचार तथा राजनैतिक क्षेत्रमा देखिएको बेइमानीलाई विषवस्तु बनाएका छन् ।

‘प्रेमदासको डायरी’ आलोचनात्मक यथार्थवादी उपन्यास हो। यसमा पञ्चायत कालीन समाजमा विद्यामान रहेको कमाराप्रथा, शोषक सामन्तको रजगज, निमुखा र निम्नवर्गमाथिको चरम शोषणलाई आलोचनात्मक यथार्थवादी कोणबाट टिप्पणी गरिएको छ। प्रजातन्त्र पुनःस्थापनापछि देशमा राजनैतिक परिवर्तन त भयो तर निम्नवर्गीय किसान, मजदुरहरूको जीवनमा भने कहिल्यै परिवर्तन आएन। उनीहरूले शोषक सामन्तको जालमा परेर शोषण, अत्याचार भोग्न परेको कटु यथार्थलाई यसमा उपन्यासकारले आलोचनात्मक ढङ्गले प्रस्तुत गरेका छन्। कम्युनिस्टको नाममा पूँजीपतिवर्गले नै जनताको शोषण गरिरहे। दशवर्षे जनयुद्धको अवसान र युद्धको समाप्तिपश्चात् परिवर्तनका कार्यमा त्याग र बलिदान गर्नेहरूको पलायन तथा उनै सामन्तहरू नै शक्तिमा पुगेको विषयलाई उपन्यासमा प्रस्तुत गरिएको छ। यस उपन्यासमा नेपालको राजनैतिक अस्थिरता, पूँजीवादी सामाजिक संरचना तथा शोषक सामन्तले गरेको चरम शोषण र राजनीतिमा देखिएको विकृति र विसङ्गतिलाई आलोचनात्मक रूपमा प्रस्तुत गरिएको छ। सामन्तको कुनै जात, धर्म रङ्ग र वर्ण हुँदैन भन्ने निष्कर्ष यसमा पाउन सकिन्छ। यसप्रकार ‘प्रेमदासको डायरी’ उपन्यासमा आलोचनात्मक यथार्थवाद प्रस्तुत गरिएकाले सोही कोणबाट यस उपन्याको विश्लेषण गरिएको छ।

### १.१ आलोचनात्मक यथार्थवादको सैद्धान्तिक आधार

आलोचनात्मक यथार्थवादलाई यथार्थवादको एक हाँगाको रूपमा मानिन्छ। वस्तुतः आलोचनात्मक यथार्थवाद अङ्ग्रेजीको ‘क्रिटिकल रियालिज्म’ (Critical Realism) को नेपाली रूप हो। नेपाली भाषामा आलोचनायुक्त भएकालाई आलोचनात्मक भनिन्छ। आलोचनात्मक यथार्थवादले १९ औँ शताब्दीमा हुर्कने मौका पाएको थियो। सन् १९२० ताका सातजना अमेरिकाली

दार्शनिकहरूले 'क्रिटिकल रियालिज्म' पुस्तक प्रकाशित गरी आलोचनात्मक यथार्थवादी धाराको दार्शनिक आधार तयार पारे। सन् १९३४ मा सोभियत लेखकहरूको प्रथम सम्मेलनमा म्यक्सिम गोर्कीले आलोचनात्मक यथार्थवादलाई सामाजवादी यथार्थवादभन्दा भिन्न देखाई यसको प्रयोग गरेका थिए। (शर्मा र लुइँटेल : २०६३: पृ. ३०१) यो समाजवादी यार्थवादसँग भिन्न भएकाले मार्क्सवादी समालोचकहरूले यसलाई बुर्जुवा यथार्थवाद पनि भनेको पाइन्छ। आलोचनात्मक यथार्थवादले पूँजीवादी समाजको शोषण दमन, अन्याय र विसङ्गतिलाई तीव्र व्यङ्ग्य र आलोचना गर्दछ। यसले यथस्थितिवादको आलोचना गरे पनि त्यसबाट उन्मुक्तिको उचित दिशानिर्देश भने गर्दैन। समाजमा विद्यमान स्थितिलाई आलोचनात्मक रूपमा नियाल्ने यसको साहित्यिक मान्यता हो। विद्यमानका साथै उदीयमान व्यवस्था वा यथार्थसँग असहमति देखाई आलोचना गर्नु यसको मूल पहिचान हो। अर्न्स्ट फिसरले स्वच्छन्दतावादी विद्रोह र पूँजीवादी मूल्यहरूको उच्च तथा निम्नवर्गीय अस्वीकृतिको मिश्रणबाट आलोचनात्मक यथार्थवाद जन्मिएको धारणा प्रस्तुत गरेका छन्। आलोचनात्मक यथार्थवाद पनि यथार्थवादकै एउटा भेद भए तापनि यसमा सर्जक तटस्थ द्रष्टा नभई आलोचनात्मक द्रष्टाको आलोचनात्मक यथार्थवादले पूँजीवादी समाजको शोषण दमन, अन्याय र विसङ्गतिलाई तीव्र व्यङ्ग्य र आलोचना गर्दछ। (शर्मा र लुइँटेल : २०६३: पृ. ३०१-३०४) आलोचनात्मक यर्थाथवादमा परम्परागत अवैज्ञानिक र अहितकर मूल्य मान्यतालाई त्याग्ने सन्देश दिइएको पाइन्छ। (बराल र एटम : २०६६: पृ. ५६) आलोचनात्मक यथार्थवादले यथार्थप्रति आलोचनात्मक दृष्टि राख्दछ। आलोचनात्मक यथार्थवादमा कलम चलाउने साहित्यकारहरूले आफ्नो समयको सामन्तवादी समाज र उसको पतनशीलतालाई राम्रोसँग जाँचेको हुनुपर्छ र त्यसको अलोचनात्मक रूपले खण्डन पनि गर्नुपर्छ।

सामाजिक विसङ्गतिमा अडेको चिन्तन प्रणालीलाई आलोचनात्मक यथार्थवाद भनिन्छ। क्रान्तिकारी र श्रमिकहरूले चलाएका आन्दोलनहरूमा अनेक भ्रमजाल विछ्याएर त्यसलाई निष्क्रिय तुल्याउने पूँजीवादी चाल चिर्नु यसको उद्देश्य रहेको हुन्छ। (सुवेदी : २०६४: पृ.१८७)। यथास्थितिप्रति पूर्ण विमति राख्दै त्यसभित्रका समाज विरोधी तत्वहरूको तीव्र आलोचना गर्ने प्रगतिशील साहित्यलाई नै प्रकारान्तरमा आलोचनात्मक यथार्थवादी साहित्य लेखन भनिन्छ। नेपाली उपन्यास परम्परामा सामाजिक यथार्थवादपछिको लेखन प्रवृत्तिको रूपमा आलोचनात्मक यथार्थवाद आएको छ। (बराल र एटम : २०६६: पृ. १०२)

यसप्रकार आलोचनात्मक यथार्थवादलले राजनैतिक अस्थिरताले ल्याएको विकराल विसङ्गतिलाई अनि आर्थिक र नैतिक व्यभिचारका विकृतिलाई समेटेको हुन्छ। जसले पूँजीवादी शक्तिप्रतिको विरोध, निन्दा र कटु आलोचना गर्दछ। नयाँ तर अपरिभाषित मान्यता र जीवनपद्धतिको स्थापना गर्नुपर्ने र तथ्यको उद्घाटन गर्नुपर्ने क्रान्तिकारी स्वच्छन्दतावादी स्वर पनि आलोचनात्मक यथार्थवादमा पाइन्छ। वर्गीय समाजमा देखिने समस्याको आन्तरिक विसङ्गतिलाई चिरफार गरेर देखाउन र तिनका अन्तरतहका समष्टि पक्षलाई छर्लङ्ग पार्न भने यो धार त्यति सक्षम देखिँदैन। अलोचनात्मक यथार्थवाद, यथार्थवादककै एउटा हाँगा भएर पनि यसले समाजमा विद्यामान सबै किसिमका विकृति, शोषण, अन्याय अत्याचारको आलोचनात्मक दृष्टि प्रदान गर्दछ त्यसकारण 'प्रेमदासको डायरी' उपन्यसमा पनि अलोचनात्मक यथार्थवाद खोज्ने प्रयास गरिएको छ।

## २. 'प्रेमदासको डायरी' उपन्यासको कथावस्तुसन्दर्भ

'प्रेमदासको डायरी' पाँच भाग, पच्चीस खण्ड र ३०१ पृष्ठमा संरचित छ। यो पूर्वदीप्ति शैलीमा लेखिएको छ। उपन्यासको कथावस्तुको आरम्भ जोगीको भेषमा रहेको प्रेमदास (प्रभाकर शर्मा)को भेट नेपालगञ्जमा एउटी युवती (चम्पादेवी)सँग भएको घटनाबाट हुन्छ। उपन्यासको सुरुमा प्रेमदास कुण्ठा, पलायन र हीनताबोधले गाँजेको योगीका रूपमा उपस्थित छन्। प्रभाकरले चम्पालाई अब आफूलाई 'स्वामी प्रेमदास' भन्न आग्रह गरेका छन्। प्रेमदासले चम्पाको श्रीमान् रामु, साथी कवितालगायतको खोजीमा भौँतारिएको कुरा गर्दछन्। चम्पादेवीसँग लामै कुराकानी गरेपछि प्रेमदासले विगतका घटनाहरूलाई डायरीमा लेखेको हुनाले त्यसलाई राम्रोसँग पढ भनी उक्त डायरी चम्पादेवीको हातमा थमाउँछन्।

उपन्यासको दोस्रो अध्याय बिर्खबहादुरको पेन्सन काटिएको कुरासँगै सुरु भएको छ। यसमा भने भुजेल परिवार र समाख्याताको पनि कथा जोडिएको छ। रने भुजेलको परिवारमा रने भुजेलकी पत्नी प्याउली, बिर्खबहादुर, बिर्खबहादुरकी स्वास्नी मनकुमारी र छोरो छन्दबहादुर रहेका छन्। उनीहरू कमारोबाट मुक्त भएपछि गोर्खा ढाक्रेपानीबाट बसाइँ-सराइ गरेर चितवनमा जग्गा

पाउने लोभले आएका छन् । जग्गा नपाएपछि चितवनमा जिम्दारको घरमा हली बसी बसेका, एकदिन एउटी युवतीले रापतीमा फाल हाल्दा छन्दबहादुरले बचाई उसलाई घरमा लगेर बहिनीको दर्जा दिएको, युवतीलाई रापतीमा फाल हाल्नुपर्ने कारण सोध्दा युवतीले आफ्नो विगत र यथार्थ सबिस्तार बताउँछे । उसले आफ्नो नाम जुठी भएको र सो नाम राख्नुको कारण बताउँदै, सङ्गीत खवाससँग प्रेम भएपछि आफ्नो नाम कविता राखेको बताउनु, उनीहरू गोर्खा थालाजुङ्बाट चितवन झरेको र त्यस समयमा आफू सानै भएको बताउनु, चितवनमा जग्गा नपाएपछि बुबा गाउँकै पुरानो जमिन्दार कुस्माखरको घरमा नै हली बसेको बताउँछे । शोषक, सामन्त र यौनपिपासु कुस्माखरका गुणाखर, प्रभाकर र रत्नाकर गरी तीन छोरा भएको र उनीहरूकै घरमा कविताका परिवारले जीवन बिताएका, कवितालाई पढ्नको निम्ति प्रभाकरले सहयोग गरेको, कविताको आमाको मृत्यु प्रसवअवस्थामा भएको, बाबालाई पनि षड्यन्त्रपूर्वक मारेको कुरा कविताले बताउँछे । देशमा निर्दलीय पञ्चायती शासनको विरुद्धमा विभिन्न खाले आन्दोलन चर्केको, निर्दल र बहुदलको जनमत सङ्ग्रह भएको, बहुदलीय जनवाद स्थापनाको निम्ति आन्दोलन झनै उग्र हुदै कुरा पनि गरिएको छ । गरिबीमा रुमलिएका चम्पादेवीको परिवार बर्दियामा जग्गा बाँडेको छ भन्ने थाहा पाएपछि उतै जाने निधो गर्नु, सबै खुसी भए पनि कविता खासै खुसी नभएको प्रसङ्गसँगै यो अध्याय समाप्त भएको छ ।

तेस्रो अध्यायमा प्रभाकर अर्थात् प्रेमदासले आफ्नो कथा सुनाएका छन् । २०३६ सालको जनमत सङ्ग्रह घोषणा भएपछि प्रभाकरलगायत धेरै आन्दोलनकारीहरू जेलबाट छुट्छन् । एउटै मुद्दामा परेका कमरेड विवेक शेरचनलगायत सत्र जनाले सफाइ पाएका तर प्रभाकर र परशुरामले भने सफाइ नपाएका, विवेक शेरचन कम्युनिस्ट विचारधाराका भए पनि उनमा सामन्तवादी संस्कार हावी भएकाले प्रभाकरसँग वैचारिक द्वन्द्व सिर्जना भएको, बिस्तारै घरपरिवारले प्रभाकरलाई बुझ्दै गएकाले उसलाई आर्थिक सहयोग प्राप्त भएको र सबै परिवार सक्रिय रूपमा पार्टीमा आबद्ध भएको कुरा बताएको छ । केही समयपछि छन्दबहादुरको बर्दिया जाने कुरालाई सहमति प्रदान गरी आफूले सकेको सहयोग गरेर पठाएको, जनमत सङ्ग्रह घोषणा गरेपछि मण्डले र बहुदलवादीका बीचमा जनतालाई सचेत गराउने जागरण अभियान सञ्चालन भएको, मण्डलेहरूले मासुभात खुवाएर जनतालाई किन्न खोज्दा प्रभाकरले रामधुलाई गरी लखेटेको, पैसाकै भरमा जनमत सङ्ग्रह घोषणा गरेकाले यसको नतिजा निर्दलीय पञ्चायतकै पक्षमा आएको, त्यसपछि प्रभाकरमाथि राजनैतिक आरोप लागेकाले प्रभाकर चितवन छाडेर जान्छन् । पार्टीभित्र वैचारिक मतभिन्नता आएकाले उनी समस्यामा परेका, पार्टीमा निष्कृय भएपछि काठमाडौँ गएका, त्यसैबेला चम्पादेवीको विवाह रामु विश्वकर्मासँग भएको, आन्दोलनका लागि पार्टीमा ध्रुबीकरण र गठबन्धन भएको कुरा गरिएको छ । चितवन रत्ननगरको बकुल्लहरचोकमा भएको आमसभामा प्रभाकर, चम्पा, रामुलगायत पक्राउ पर्छन् र उनीहरूलाई वीरगञ्ज जेलमा पुऱ्याइन्छ । जेलमा चरम यातना दिएर रामु र प्रभाकरलाई जङ्गलमा लगी भाग्न लगाएर दुवैमाथि प्रहरीले गोली चलाउँदा रामुको मृत्यु हुन्छ भने प्रभाकर संयोगले बाँच्छन् । उनी घाइते भएपछि उपचारको निम्ति नरकटियागञ्ज पुग्छन् । त्यहाँ प्रभाकरको स्वरूपा घोषसँग परिचय हुन्छ । प्रभाकर उतै रहँदा नेपालमा पञ्चायती व्यवस्था ढलेर बहुदलीय स्वतन्त्रता घोषणा हुन्छ र प्रभाकर नेपालगञ्ज पुग्छन् । देशमा आएको परिवर्तनको फाइदा अवसरवादीहरूले लिन्छन् भने बलिदान गर्ने प्रभाकरलाई पार्टीको महाधिवेशनपछि महत्त्वपूर्ण जिम्मेवारीबाट हटाइन्छ, त्यसपछि उनी केही समय भारततिर लाग्छन् । भारतमा पुगेर भारतका कम्युनिस्ट नेता तथा कार्यकर्ताहरूसँग भेटघाट गरी भारतको कम्युनिस्ट आन्दोलन र उनीहरूको कार्यशैली देखेर उनी निकै प्रभावित भए पनि भारतका नेता तथा सामान्य मानिसलाई पनि नेपालमा के हुँदैछ, के हुन लागेको छ भन्ने कुरा नेपालमा भन्दा पहिले थाहा हुने देखेर उनलाई रिस उठ्छ । भारत भ्रमणमा रहँदा अनुराधा र स्वरूपासँग नजिक भएका, बनारस पुगेपछि स्वामी आनन्द नारायण घोषको आश्रममा पुगेर उनले घोषको असल र खराब सबै कुरा देखेका, देश-विदेशका हरेक राजनीतिसँग स्वमीको राम्रो जानकारी रहेको थाहा पाउँछन् । नेपाल मामलामा विज्ञ स्वामीसँग देश-विदेश घुम्ने अवसर प्राप्त गरी धेरै कुराहरू सिक्ने अवसर पाएको कुरा गरिएको छ ।

चौथो अध्यायमा प्रभाकरले नेपालमा जनयुद्ध चलेको र असुरक्षित अवस्था हुदाहुँदै पनि नेपाल आउन स्वामी आनन्दसँग अनुमति मागेर आफू द्वन्द्वग्रस्त क्षेत्रमा बस्ने कुरा गरेको पाइन्छ । यस्तोमा स्वामीले सम्भावित खतराको व्यवस्थापन गर्नुभन्दा उनलाई सन्यासी बन्नुको विकल्प नदेखी स्वामीसँग बिदा भएर नेपालगञ्जको फुल्टेक्रामा आएर शिव मन्दिरमा स्वामी भई बस्न थालेको कुरा गरिएको छ । उनले कुटीमा सात महिना बिताए । उनको काम बिहान-बेलुका मन्दिरमा पूजा गर्नु, नेपालगञ्ज वरिपरिको घटनाको अध्ययन र अवलोकन गर्नु रहेको थियो । यसक्रममा उनको भेट कवितासँग हुन्छ र कविताले

आफूहरू नारायणघाटबाट हिँडेदेखि बर्दियासम्मको सम्पूर्ण कथा सुनाउँछिन् । केही समयपछि गणतन्त्रको नाराले सारा नेपागञ्जको भूमि हल्लिन्छ । कविता पनि अन्दोलनमा सहभागी हुँदा सहिद हुन्छिन् । कवितालाई पच्चीस वर्ष अगाडि राधेश्यामको सेल्टरमा आफूले पठाएको कुरा प्रभाकरले सम्झँदै उनले सहादत प्राप्त गरेको तीन वर्ष हुँदा उनीहरूको सपना पूरा भए कि भएनन् अलमल्लमा पर्छन् । प्रभाकरले आफ्नो भावी गन्तव्य खोज्दा घर जान नसकेर त्यही साधुको रूपमा रहनु नै उपयुक्त ठान्नु, राधेश्यामको घर खोज्दै प्रभाकर जानु, छन्दबहादुरको भाइ टुकबहादुरसँग भेट्नु, एक-आपसमा आ-आफ्नो कथा सुनाउनु, प्रभाकरले मृतक परिवारको चिनो बुझाउनु, श्रद्धाञ्जली कार्यक्रम हुनु, टुकबहादुर परिवार सम्हालेर बस्नु, कविताको उत्सर्गको कथा आफूले लिपिबद्ध गरेको र आफ्नो अवतारको दृश्य लेखेको कुरा पढेपछि महिला डायरी बन्द गरी घुप्लुक्क घोप्टो पर्छिन् ।

यस उपन्यासको अन्तिम तथा पाँचौं अध्यायमा कथावाचक प्रभाकर अर्थात् स्वामी प्रेमदास र चम्पाबीचको संवाद रहेको छ। यस खण्डमा प्रभाकरले दिएको डायरी पढेपछि चम्पाले सबै कुरो थाहा पाएको बताउनु, प्रभाकरले आफूलाई मनपराएको कुरा पनि थाहा पाउनु, चम्पाले आत्महत्याको निर्णय गर्नु तर प्रभाकरले उनलाई सम्झाउनु, आत्महत्या गलत भएको कुरा उनलाई राम्रोसँग बताउनु र परिवारिक क्षेत्रमा होमिने निर्णय गरी नक्कली मार्क्सवाद र ढोँगी आचारण विरुद्ध लाग्ने निर्णय लिएर निस्कन्छन् । बिहान हरदेव आएर स्वामी भनी बोलाउँदा कुटी खाली देखेपछि उपन्यासको अन्त्य भएको छ।

यसप्रकार उपन्यासको कथावस्तुले पञ्चायत कालीन समाज र त्यसपछिको परिवर्तन अनि गणतन्त्र स्थापनासम्मको घटनाक्रम समेटेको छ। । नेपाली समाजमा देखिएको शोषक र सामन्तवर्गले सर्वहारा र श्रमिकवर्गमाथि गरेको बर्बरतापूर्ण व्यवहारको भण्डाफोर गरिएको छ । ग्रामीण जनजीवनको यथार्थ चित्रण गर्दै गाउँघरको मुखिया, जिम्वाल, तालुकदारहरूले सोझा सर्वहारा गरिबलाई अन्याय र शोषण गरेको हुँदा त्यसको विरोध गरिएको छ। गाउँघरका गरिब र सोझा मानिसहरूलाई हली, गोठाला राखेर तिनीहरूमाथि चरम श्रमशोषण तथा अमानवीय व्यवहार गर्ने गरेको वास्तविकतालाई उपन्यासले समेटेको हुँदा यो उपन्यास उत्कृष्ट आलोचनातमक यथार्थवादी उपन्यास बन्न पुगेको छ।

## २.१ आलोचनात्मक यथार्थवादी कोणबाट उपन्यासको विश्लेषण

उपन्यसकार रेशम विरहीले प्रस्तुत उपन्यासमा नेपाली समाजमा आएको परिवर्तन र निम्नवर्गले भोग्नु परेका पीडा तथा शोषक सामन्तले गरेको अन्यायलाई प्रस्तुत गरेको छन् । निकै लामो काल खण्डको विषय, बृहत् भूगोललाई लिएर तयार परिएको यस उपन्यासमा वाम इतिहासको सम्पूर्ण नालीबेलीलाई आलोचनाात्मक रूपमा प्रस्तुत गरिएको छ। पार्टीमा त्याग र बलिदान दिने योद्धाहरूको सपनालाई कुल्चँदै अवसरवादी तथा पूँजीवादीहरूले राज गरेको यथार्थ उपन्यासमा प्रस्तुत गरिएको छ। देशमा नौलो बिहान ल्याउन, गरिब, निमुखा र सर्वहाराको सपना साकार पार्न लडाइँ लडे पनि सामन्तवर्गले त्यसलाई तुहाउने गरेको कुरालाई आलोचनात्मक ढङ्गले प्रस्तुत गरेको हुँदा यो उपन्यास आलोचनात्मक यथार्थवादी उपन्यास बन्न सफल भएको छ। यहाँ उपन्यासमा रहेको आलोचनात्मक यथार्थवादलाई निम्नानुसार विश्लेषण गर्न खोजिएको छ ः

## २.२ सामन्तवादी सामाजिक व्यवस्थाप्रति आलोचना

प्रस्तुत उपन्यासमा सामन्तवादी सामाजिक व्यवस्थाले कमारा, कमारी, किसान, मजदुरहरू कसरी मारमा पर्छन् भन्ने विषयलाई अत्यन्त गम्भीर रूपमा प्रस्तुत गरिएको छ। जबसम्म सामन्तवादी सामाजिक संरचना भत्किएर जाँदैन तबसम्म सर्वहारावर्गको उत्थान हुन सक्दैन। यस उपन्यासमा गोर्खा जिल्लाका घर्ती जातिहरू सरकारले कमाराप्रथा उन्मुलन गरे पनि कहिल्यै मालिक बन्न सकेका छैनन् । गरिब दुःखी जहिल्यै पनि श्रम गरिरहने, साहु जहिल्यै पनि उनीहरूको श्रमशोषण गरिरहने परिपाटीलाई उपन्यासमा आलोचना गरिएको छ। सरकारले कमाराकमारी प्रथा हटाए पनि गोर्खाको ढाक्रेपानी, थालाजुङका घर्तीहरू भने सधैँ कमारा नै रहनु परेको कुरा उपन्यासमा कविताका मुखबाट यसरी प्रस्तुत गरिएको छ ः

*"राणाजीले कमाराकमारी प्रथा हटाए भन्थे। गाउँका जिम्वाल, मुखिया, टाठाबाठा र धनीमानीले कायमै राखेका थिए। मलाई त अहिले पनि हाम्रो देशमा यस्ता जिम्यौली, मुख्यौली हुकुम हटेजस्तो लाग्दैन।"* (विरही ः २०७३ः पृ. ४६) ।

सुख पाउने आशा लिएर चितवन झरेका घर्तीहरू घुमीफिरि सामन्तकै दास हुनुपर्थ्यो । हर्कबहादुर चितवन झरेर सुख पाउने

सपना देखे पनि पुनः कुस्माखरको घरमा हली बस्नुपर्ने बाध्यता छ। शोषक कुस्माखरले उसको श्रम शोषण मात्र गरेन उसकी दुई जिउकी श्रीमतीलाई अधिक काम गराएर दोजिया अवस्थामा मर्नुपर्ने बाध्यतामा पुऱ्यायो । हर्कबहादुरलाई पनि सर्पले डसेको उपचार नगराई यतिकै मर्न विवश बनायो । जुठीलाई पनि शारीरिक मानसिक यातना दिइरह्यो । कुस्माखरको घरमा दिनरात जोतिएर काम गर्दा पनि कहिल्यै दया देखाएनन् । आफ्नो जीवन दुःखै दुःखमा काटेका हर्कबहादुर आँसु पिएर बाँच्न विवश छन् । यस कुराको साक्ष्य उपन्यासमा यसरी प्रष्ट भएको छ :

*"आँसु पनि कति आउने रहेछ कुन्नि ? शरीरको रगत पनि आँसु भएर बग्दाबग्दै सकिएझैं लाग्न थाल्यो । बा दिनभरि खेत जोत्ने खन्ने, जङ्गल गएर काठ दाउरा ल्याउने, अनेक प्रकारका काममा व्यस्त हुन्थे । कुस्मेका घरमा खाएर सुतिसकेपछि आएर मलाई काखैमा राखेर सुत्तुहुन्थ्यो । कतिपटक मैले मेरो गालामा बाको तातो आँसुले पोलेको थाहा पाएको छु । म रुन्छे भनेर अनुहार र मुख कपडाले छोपी आवाज ननिकाली भक्कानिएर रोएको देखेको छु ।* (ऐ.ऐ., पृ. ५५) ।

यसप्रकार प्रस्तुत उपन्यासमा सामान्तवादी पूँजीवादी समाजको अन्त्य नभएसम्म सर्वहाराको दिन कहिल्यै नआउने उद्घोष गरिएको छ । उपन्यासमा उल्लिखित हर्कबहादुर, बिर्खबहादुर, छन्दबहादुरहरू त केवल प्रतिनिधि पात्र मात्र हुन् । हाम्रो समाजमा अझै पनि यसका अवशेष रहेको छ । हाम्रो समाजको सामन्तवादी सामाजिक व्यवस्था नहटेसम्म युगौंयुगसम्म कुस्माखरजस्ताले शोषण गरिरहन्छन् भने हर्कबहादुरहरू एक पेट भर्न आँसु पिएर सङ्घर्ष गरिरहनु पर्दछ । यस उपन्यासले सामन्तवाद जरैबाट नउखेलिएसम्म समाजको परिवर्तन नहुने कुरामा जोड दिँदै आलोचनात्मक विचार प्रस्तुत गरेको छ ।

## २.३ राजनैतिक व्यवस्थाप्रति आलोचना

कुनैपनि देशको भविष्य त्यस देशको राजनैतिक अवस्थाले निर्धारण गर्दछ । प्रस्तुत उपन्यासमा नेपालमा पञ्चायत, बहुदलदेखि दशवर्षे सशस्त्रयुद्ध तथा गणतन्त्र स्थापनासम्मको राजनैतिक उथलपुथललाई प्रस्तुत गरिएको छ । विशेष गरी कम्युनिस्ट आन्दोलनको अन्तर्यलाई यस उपन्यासले केलाएको छ । राजनीतिमा हुने खिचातानी, द्वन्द्व, षड्यन्त्र तथा अवसरवादीहरूको कुरूप अनुहारलाई यस उपन्यासले आलोचना गरेको देखिन्छ । पार्टीको निम्ति दिलोज्यान दिने, अहोरात्र खट्ने मानिसहरूले कुनै अवसर नपाउने तर पैसा भएका शक्तिशाली हुने प्रवृत्तिको विरोध उपन्यासमा पाइन्छ । जेलमा परेकाहरू पैसाको भरमा छुट्ने तर आदर्श राजनीति गर्नेहरू भने विभिन्न आरोपमा थुनिनु पर्ने विषय पनि उपन्यासमा उल्लेख छ । जनताको मुक्तिको नाममा जनतालाई नै दमन गर्ने बेइमान नेतृत्वप्रति यसरी शङ्का व्यक्त गरिएको छ :

*"युद्ध र युद्धरत पार्टीका कार्यकर्ताप्रति पनि शङ्का लाग्न थाल्यो । गरिबलाई सपना देखाएर गरिबकै दोहन गर्नु नै मार्क्सवाद हो ? गरिबलाई बन्दुक बोकाएर गरिबकै हुर्मत काढ्नु नै कम्युनिज्म हो त ? जनताको नाममा जनताको घोडा चढेर साम्यवादमा पुग्ने यो कस्तो यात्रा हामीले सुरु गऱ्यौं?"* (ऐ.ऐ., पृ. २७३)

व्यवस्था परिवर्तन गर्न प्राणोत्सर्ग गर्ने गरिब जनता तर राज गर्ने सामन्त दलालहरू भएकाले राजनीति केवल अवसरवादीहरूको लागि मात्र भएको छ । यस उपन्यासमा आफ्नो जीवनको ऊर्जावान् समय राजनीतिमा बिताएका प्रभाकर राजनैतिक अवसरवादी तथा षड्यन्त्रकारीहरूको कारण राजनीतिबाट विरक्त भएर स्वामी बन्न पुगेका छन् । गणतन्त्रको लागि जीवन बलिदान दिने कविता, रामबहादुर, छन्दबहादुरको सपना साकार कहिल्यै भएन । राजनीति केवल अवसरवादीहरूको निम्ति मात्र सफल बन्यो । शहीदहरूको बलिदानको सट्टा पार्टीले के दियो ? भन्ने कुरामा प्रभाकर दोधारमा रहेको कुरा निम्न साक्ष्यबाट थाहा पाउन सकिन्छ :

*"कविताले सहादत प्राप्त गरेको पनि तीन वर्ष पूरा भयो । मुलुकको राजनीतिक परिवर्तनले कविता, छन्द र कैयन्‌का सपना कति पूरा गऱ्यो मलाई थाहा हुने कुरा भएन । नेपाली जनताले संविधान लेखानमा आफ्नो सहभागिता देखाउने अवसर पाए र शान्तिपूर्ण रूपमा गणतन्त्र पनि आयो भनियो । तर गणतन्त्रले कवितालाई के दियो ? म अझै अलमल्लमा छु ।"* (ऐ.ऐ., पृ. २८८)

यसरी देशमा कैयौँ परिवर्तनहरू आए, ती परिवर्तनलाई सबै जनताले महसुस गर्न भने पाएनन् । पञ्चायतकालीन समाज पूर्ण रूपमा सामन्तवादी समाज थियो, जहाँ केही सामन्तवर्गले गाउँमा रजाइँ गर्दथे । त्यसबाट मुक्ति पाउनको निम्ति भूमिगत रूपमा विद्रोह भयो तथापि त्यो परिवर्तनले अवसरवादी र पैसावालाहरूको राजनैतिक भविष्य मात्र सपार्ने काम भयो । गरिब सँधै गरिब नै रहे । गरिब सर्वहाराको पक्षमा कसैले पनि आवाज निकालेन भने धनी र गरिबबीच झनै खाडल देखियो । देश बनाउन सत्तामा पुगेकाले सत्ता र शक्तिको दुरुपयोग गरे । बहुदलमा देखिएको विकृति हटाउन सशस्त्र जनयुद्ध भयो । मार्ने मर्ने

खेल भयो, जनताले जनताको नयाँ जनवादको सपना देखे गणतन्त्र आयो तर पुनः अवसरवादीहरूले त्यसलाई धमिलो पार्ने काम भयो। यस उपन्यासमा वाम राजनीतिको यही अन्तर्वस्तु केलाउँदै राजनीति कहिल्यै नसुध्रिएको र जनताले कहिल्यै पनि परिवर्तनको आभास गर्न नपाएको विषयलाई आलोचनात्मक रूपमा प्रस्तुत गरिएको छ।

### २.४ वर्गव्यवस्थाप्रति आलोचना

मार्क्सवादी सौन्दर्यले वर्गविहीन सुन्दर समाजको परिकल्पना गर्दछ। पूँजीवादी सामाजिक संरचना भएको मुलुकमा वर्गीय द्वन्द्वको अन्त्य कहिल्यै हुँदैन। वर्गीय समाजमा निम्नवर्ग सँधै शोषण र उत्पीडनमा पर्छन् भने उच्चवर्गीय शासकहरू सँधै शासन गरिरहन्छन्। अल्पसङ्ख्यक उच्चवर्गले बहुसङ्ख्यक सर्वहारा श्रमजीवीमाथि वर्वरतापूर्वक अन्याय गर्दछन्। यस उपन्यासमा पनि गोर्खामा रहेका बहुसङ्ख्यक घर्तीहरू अल्पसङ्ख्यक जिम्वाल, मुखियाहरूको शोषणमा परेका थिए। उनीहरूको निम्ति मिठो खान पनि बिहे नै कुर्नु पर्थ्यो भन्ने कुरालाई निम्न साक्ष्यले स्पष्ट पार्दछ :

*"मीठो खाने भनेको त बाहुनको बिहेमा मात्र हो। गामुमा बिहे हुँदा दुलाहादुलहीको डोली बोक्ने काम घर्तीहरूले गर्नुपर्थ्यो। मेरा बाले पनि धेरै बाहुनीका डोली बोके। म सानी बच्चीले खाएको पनि हिसाब राख्थे रे तिनले। मेरा लागि चाडवाडमा कपडा किन्न लिएको पैसा र खोप्रोमा आफैँले पकाएर खान लिएको अन्नको मूल्य जोडेर राख्थे।"* (ऐ.ऐ., पृ. ४६)

सामन्तवादी वर्गीय परिवेशको मुख्य ध्येय भनेकै श्रमिक, मजदुर र किसानलाई उनीहरूको बल छउन्जेल काम लिने र सकिएपश्चात् मिल्काउने हो। उच्चवर्गले निम्नवर्गलाई जहिले पनि आफ्नो स्वार्थको लागि चलाउने हो। कुस्माखरको घरमा वर्षौ हली भएर बसेका हर्कबहादुरको जीवनमा कहिल्यै पनि परिवर्तन आएन। दोजिया श्रीमतीको श्रमशोषण गरे उसको मृत्यु कीरासरि भयो। हर्कबहादुरको मृत्यु पनि यही किसिमले भयो। कुस्मेले गरेको श्रमशोषणको साक्ष्य यसप्रकार छ :

*"बाले एघार वर्ष कुस्मेको हलो जोत्नु भो। आमाले पनि त्यति नै समय त्यसका गाई बाख्रा घाँस, दाउरा, जूठोचुलो र खेतको काम समेत गरिन्। आमा मरेपछि मैले पनि वर्षदिन भो, आमाले गर्ने काम समालिदिएँ। तर बाले त्योसँग पैसा लिएको मैले थाहा पाइनँ।"* (ऐ.ऐ., पृ. ५६)।

यस प्रकार अल्पसङ्ख्यक शासकवर्गले बहुसङ्ख्यक निम्नवर्गमाथि शासन चलाइरहेको हुन्छ। शासकवर्गले आफ्नो स्वार्थपूर्ति गर्नको लागि निम्नवर्गलाई निर्ममतापूर्वक दमन गरिरहेका हुन्छन्। श्रमको उचित सम्मान नदिने र निम्नवर्गलाई अमानवीय ढङ्गले हेर्ने प्रवृत्ति वर्गीय समाजमा रहेको हुन्छ। आफूलाई आवश्यक परे माया गरेजस्तो गर्ने र आवश्यकता नपरेको खण्डमा वास्ता नगर्ने सामान्तवादी समाजको विशेषता नै हो। श्रमको उचित मूल्य नदिने, श्रमिकप्रति मानवीयता नदेखाउने, श्रमको मूल्य नबुझ्ने शासकवर्गप्रति उपन्यासमा आलोचना गरिएको छ। जनतालाई अधिकार सम्पन्न गरी वर्गविहीन सुन्दर समाजको कल्पना गर्दै समाजबाट वर्ग व्यवस्था हटाउन उपन्यासमा आग्रह गरिएको छ।

### २.५ विभेदयुक्त जातीय व्यवस्थाप्रति आलोचना

प्रस्तुत उपन्यासमा जतीय व्यवस्थाप्रतिको अलोचना पनि पाइन्छ। खास गरी गोर्खा जिल्लाका भुजेल र घर्ती जातिको जीवन भोगाइको र उनीहरूले भोग्न परेका शोषणको चर्चा उपन्यासमा गरिएको छ। घर्तीहरूको प्रमुख काम भनेकै कथित उपल्लो जात भनिने बाहुनहरूको घरमा ढिकी जाँतो गर्नु, उनीहरूको बिहेमा डोली बोक्नु, हली गोठाला बस्नुजस्ता कार्य गरेको देखिन्छ। यी घर्तीहरूको अत्यधिक श्रमशोषण गर्नेमा विशेष गरी मुखिया, जिम्वालहरू पर्दछन्। घर्ती भुजेलहरू मिठो खान पनि बाहुनहरूकै बिहे कुर्नुपर्ने बाध्यता देखिएको छ। बसोबासका लागि पनि पिछडिएको क्षेत्रमा विपन्नवर्गका दलित, घर्ती, गुरुङ, मगरहरू बस्ने गरेको साक्ष्य निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

*"स्याउली बजार भनेर चिनिने यस सुकुम्बासी बस्तीमा प्रायः दलित जातिको बाहुल्य छ। यसका साथै ऐनमौकामा यहाँ आएर जग्गा जमिन जोड्न नसकेका पहाडतिरका विपन्न वर्गका घर्ती, मगर, गुरुङ आदि जातजातिका मानिसहरू बस्छन्"* -(ऐ.ऐ., पृ. ७७)।

उपर्युक्त साक्ष्यलाई हेर्ने हो भने पिछडिएका क्षेत्रमा पनि जातीय हिसाबले बसोबास गरेको देख्न सकिन्छ। हाम्रो समुदायमा अहिले चेतनाको विकास भैसक्दा पनि अझै जातीय विभेदको अवशेष देखिन्छ। राम विश्वकर्मा र चम्पाको विवाहमा प्रभाकरले घरपरिवारले तिमीहरूको सम्बन्ध स्वीकार्ला त ? भनेर सोधेका छन्। हाम्रो समाज विवाह गर्दा आफ्नै जात छान्ने

चलन आजपर्यन्त छ भने सकेसम्म अन्तर्जातीय विवाह नगर्न अभिभावकबाट दबाब आउने देखिन्छ। खानपानमा समेत जातीयता देख्न सकिन्छ, जसको साक्ष्य यसप्रकार छः

*"मासु भात पक्यो। चम्पाले पस्कने तयारी गर्दै थिई। चतुरमानले भन्यो आफू तामाङको बच्चा अलिकति कोदाको झोल नपिई हुन्न घरबाट ल्याएको थिएँ। पिउने होला नि कामरेड ? म त झन् कामीको बच्चा! किन बाँकी राख्ने ? रामुले हाँस्दै भन्यो।"* (ऐ.ऐ., पृ. १३०)।

यसप्रकार जातीय विभेदलाई उपन्यासमा प्रस्तुत गरिएको छ। तामाङ, गुरुङ, मगर, कामी, घर्तीहरूले जाँडरक्सी पिउने र उपल्लो जातकाहरूले पिउन नहुनेजस्ता धारणा उपन्यासमा देखिन्छ। कथित तल्लो जात भनिएकाहरूको आर्थिक हैसियत कम हुने हुनाले उनीहरू नै शोषणमा पर्ने गरेको देखिन्छ। यस उपन्यासले हरेक किसिमको जातीय विभेदलाई खुलेरै आलोचना गरेको छ।

### २.६ मानवता विरोधी कार्यप्रति आलोचना

यस उपन्यासले मानवता विरोधी कार्यको पनि खुलेरै आलोचना गरेको देखिन्छ। काम गर्ने मजदुरलाई गरिने हरेक अमानवीय र पाशविक प्रवृत्तिलाई देखाउँदै सो कार्यको तीव्र आलोचना उपन्यासमा गरेको पाइन्छ। मालिकले घरमा काम गर्न राखेका मजदुरको न्यूनतम आधारभूत आवश्यकता परिपूर्ति गरिदिनु पर्दछ तर यो कार्यमा कुस्माखरजस्ता सामन्तले बेवास्ता गरेको देखिन्छ। मालिकले पशुलाई झैं व्यवहार गरेर मानवताविरोधी कार्य गरेको साक्ष्य उपन्यासमा यसरी व्यक्त गरिएको छ :

*"आमा गरुङ्गो जिउकी थिइन्। त्यस्तो अवस्थामा पनि काम नगरी हुँदैनथ्यो। कतिपटक त बाले नै दिनभरि खेतमा कोदालो खनेर हलो जोतेर साँझ घरमा आएपछि आमाको काम गरिदिनु हुन्थ्यो। यस्तो अवस्थामा पनि कुस्मेको परिवारमा दया जाग्दैनथ्यो।"* (ऐ.ऐ., पृ. ५४)।

सामन्तवादी राज्यसत्ताका पहरेदार प्रहरी प्रशासनले पनि मानवता विरोधी कार्य गरेको देखिन्छ। कैदीबन्दीलाई चरम यातना दिने, मुखमा आएको बोल्नेजस्ता मानवताविरोधी कार्य गरेको देखिन्छ। यस उपन्यासले जेलभित्र प्रभाकर, रामु विश्वकर्मा लगायतले भोगेको चरम यातनालाई प्रस्तुत गर्दै मानवता विरोधी कार्यलाई उदाङ्गो पारेको छ। प्रहरीले दादगिरी देखाएर पानी पिउनसमेत नदिने, सोधपुछमा पिट्ने धम्क्याउने, झुन्ड्याएर पैतालामा पिट्नेजस्ता मानवताविरोधी कार्य गरेका छन् जसको साक्ष्य यसरी प्रस्तुत गरिएको छ :

*"करिब एक हप्तासम्म हामी दुवैलाई पालैपालो चरम यातना दिइयो। रामुको खुट्टा भाँचिएको जस्तो लाग्यो। उठेर पटक्कै टेक्न नमिल्ने भएपछि मध्यरातमा म घिस्रँदै ऊ कहाँ पुग्थेँ। उसको खुट्टामा मालिस गरिदिन खोज्थेँ तर छुनै हुँदैनथ्यो। पीडाले चिच्याउँथ्यो। हामी एकै ठाउँमा बसेर कुरा गरेको सुनेपछि ढोकाबाट सेन्ट्री चिच्याउँदै ढोका खोलेर आउँथ्यो र लात्ताले भकुर्थ्यो।"* (ऐ.ऐ., पृ. १३७)

शोषक सामन्तले श्रमिकप्रति गरिने अमानवीय व्यवहार, प्रहरीको दमन, जनयुद्धकालमा भएका कयौँ मानवताविरोधी घटनाका बारेमा उपन्यासले अत्यन्त संवेदनशील भएर प्रस्तुत गरिएको छ। युद्धरत पार्टी तथा राज्यपक्ष दुबैबाट भएको मानवताविरोधी कार्यलाई उपन्यासमा आलोचनात्मक रूपमा प्रस्तुत गरिएको छ।

### २.७ नारीमाथि गरिने शोषणप्रति आलोचना

यस उपन्यासमा नारी र पुरुषबीच प्रशस्त विभेद देख्न सकिन्छ। कार्यको आधारमा र ज्यालाको आधारमा नारी र पुरुषबचिको विभेद उपन्यासमा पाइन्छ। नारीले बाहिरी कामका साथै घरधन्दा पनि गर्नु पर्ने देखिन्छ। कुस्माखरको घरमा बस्दा मङ्गली घर्तीनीले अधिक कामको कारण जीवन गुमाउनु, कवितालाई गुणाखरले शारीरिक दुर्व्यवहार गर्न खोज्नु, युद्धमा होमिएका नारीहरूलाई प्रहरीले दुर्व्यवहार गरेर शारीरिक र मानसिक यातना दिनुजस्ता विषयलाई उठान गर्दै नारी शोषणको विरोध उपन्यासमा गरिएको देखिन्छ यसको साक्ष्य यसप्रकार रहेको छ :

*"साला रण्डी, तँ रण्डीको पोइलाई हामीले मार्‍यौ कि तेरै नाठा आतङ्ककारीले मारे थाहा छैन ? घिसार यो रण्डीलाई भन्दै घिसार्दै लगे। हामी रुँदै कराउँदै पछि लागेका थियौँ। पुलिसले घोक्र्याएर पछारे।"* (ऐ.ऐ., पृ. २७९)

यसप्रकार प्रस्तुत उपन्यासमा नारीले भोगेका कैयौँ यातना, श्रमशोषण तथा शारीरिक मानसिक शोषणको चर्चा गरिएको छ। कैयौँ नारीहरू यौन हिंसामा परेको र सहकर्मी साथीहरूबाटै असुरक्षित रहेको कुरा उपन्यासमा उल्लेख गरिएको छ। यसरी यो उपन्यासमा नारीमाथि गरिएको सम्पूर्ण शोषणलाई आलोचनात्मक रूपमा प्रस्तुत गर्न खोजिएको छ।

## ३. उपसंहार

उपन्यासकार रेशम विरहीले 'प्रेमदासको डायरी' उपन्यासमा नेपाली समाजमा विद्यामान अन्याय, अत्याचार, शोषण, विकृति तथा विसङ्गतिलाई छर्लङ्ग देखाएका छन् । शोषक सामन्तहरूले गरेका अन्याय र अत्याचारको चरम रूप प्रस्तुत गर्दै उनीहरूले गरेको यस्तो मानवताविरोधी कार्यको खुलेर विरोध गरेका छन् । नेपालमा दासप्रथा मौखिक रूपमा हटेको भए पनि श्रमजीवी किसान, मजदुरवर्गले कहिल्यै पनि उन्मुक्ति पाउन सकेनन् । ती गरिब किसान र मजदुरलाई शोषण गर्नेहरूले हली र कमाराहरूलाई अमानवीय कार्य गरेकोमा लेखकले त्यसको विरोध गरेको देखिन्छ । देशमा राजनैतिक परिवर्तन भए पनि त्यो परिवर्तनको लहरले जनतालाई छुन नसकेको गुनासो उपन्यासकारको छ । पञ्चायत विरोधी आन्दोलन, सशस्त्र जनयुद्ध र गणतन्त्रको आगमनसम्म बलिदान दिने इमान्दार व्यक्तिले पनि कहिल्यै त्यो परिवर्तनको आभास पाउन सकेनन् । जनताले कहिल्यै पनि सुखको सास फेर्न पाएनन् । अवसरवादी, पैसावाला तथा सामन्तहरूले नै हरेक व्यवस्थामा शासन गरे । उपन्यासमा नेपालको कम्युनिस्ट आन्दोलनको इतिहास तथा भारतीय भूमिमा भएको कम्युनिस्ट आन्दोलनको नालिबेली समेत प्रस्तुत गरेको छ। पार्टीभित्रको अन्तर्य, धोकेबाजहरूको कारण इमान्दार र कर्तव्यनिष्ठ मानिसहरू पछि परेको वास्तविकता उपन्यासमा छ। आलोचनात्मक यथार्थवादले समाजमा देखिएका कुरीति, शोषण र अन्य विसङ्गत तत्त्वलाई उजागर गर्दछ। राजनीति अस्थिरताले ल्याएको विकराल विसङ्गतिलाई अर्थिक नैतिक व्यभिचारलाई यसले प्रस्तुत गर्दछ। पूँजीवादी समाजका सबै खाले शोषण, विभेद, अन्याय र अत्याचरको विरोध गर्दछ । यस उपन्यासले पनि सामाजिक, राजनैतिक लगायत विविध पक्षमा आलोचनात्मक रूपमा विषयवस्तु उठान गरेकाले 'प्रेमदासको डायरी' आलोचनात्मक यथार्थवादी उपन्यास बनेको छ।

## सन्दर्भ सामग्री सूची


तामाङ, गणेशबहादुर (२०७७). **प्रेमदासको डायरी उपन्यासमा प्रगतिवाद.** अप्रकाशित स्नातकोत्तर तह शोधपत्र. चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस ।

दवाडी, सरोज (२०७६). **प्रेमदासको डायरी उपन्यासको सीमान्तीय अध्ययन.** अप्रकाशित स्नातकोत्तर तह शोधपत्र. चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस ।

बराल, कृष्णहरि र नेत्र एटम (२०६६). **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (तेस्रो संस्करण). ललितपुर : साझा प्रकाशन।

विरही, रेशम (२०७५). **प्रेमदासको डायरी.**(दोस्रो संस्करण). काठमाडौँ : शिखा बुक्स ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६३). **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

सुवेदी, राजेन्द्र (२०६४). **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** (दोस्रो संस्करण). काठमाडौ : साझा प्रकाशन।